# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -६, संख्या -१५, पुष १४ गते, २०७९ साल**

**भाग – १**

## इस्मा गाउँपालिकाको शिक्षा ऐन, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ५७ को उपधारा (४) ले प्रदान गरेको शिक्षा सम्बन्धी अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद (३) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा (११) आधारभूत तथा माध्यमिक शिक्षा अन्तर्गत अधिकारको प्रयोग गरी इस्मा गाउँपालिका क्षेत्रमा आधारभूत तथा माध्यमिक शिक्षा लगायत शैक्षिक कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा (१०२) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी इस्मा गाउँपालिकाको तेह्रौं गाउँ सभाबाट यो विधेयक पारित गर्नका लागि सभामा पेश गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र परिभाषाः** (१) यस ऐनको नाम "शिक्षा ऐन, २०७९" रहेको छ।

(२) यो ऐन गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ख) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा २० को उपदफा (१) को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे, वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ग) "अनुमति" भन्नाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँदछ।

(घ) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि ८ सम्म सञ्चालित विद्यालय र माध्यमिक विद्यालय भन्नाले कक्षा ९ देखि १२ सम्म संचालित विद्यालय सम्झनुपर्छ।

(ङ) "उच्च शिक्षा" भन्नाले माध्यमिक शिक्षा भन्दा माथिल्लो तहमा दिइने शिक्षालाई सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(छ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ज) "कार्यपालिका" भन्नाले इस्मा गाउँकार्यपालिका लाई सम्झनुपर्छ।

(झ) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिका सम्झनुपर्छ।

(ञ) "गाउँ शिक्षा समिति" भन्नाले दफा १३अनुसार गठन भएको गाउँ शिक्षा समिति सम्झनुपर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ठ) "तोकिएको अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ड) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चली आएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ।

(ढ) "पूर्व प्राथमिक विद्यालय" भन्नाले तीन र चार वर्ष उमेरका बालबालिकाको लागि दफा २५ बमोजिम खोलिएको प्रारम्भिक बालविद्यालय, मन्टेश्वरी, शिशुस्याहार केन्द्र आदिलाई सम्झनुपर्छ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इस्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(थ) "व्यवस्थापन समिति" भन्नाले दफा २०बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(द) "विद्यालय" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्म संचालित सामुदायिक, संस्थागत, विशेष तथा धार्मिक विद्यालयलाई जनाउनेछ।

(ध) "शाखा" भन्नाले इस्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मातहतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(न) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(प) "शिक्षा शाखा प्रमुख" भन्नाले इस्मा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत वा शिक्षा शाखाको प्रमुखको रुपमाकामकाज गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ।

(फ) "शैक्षिकगुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(ब) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ।

(भ) "स्वीकृति" भन्नाले तोकिए बमोजिम शर्त पूरा गरेको विद्यालयलाई दिइएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(म) "सामुदायिक विद्यालय" भन्नाले नियमित अनुदान पाउने गरी अनुमति/ स्वीकृति लिएर सञ्चालनमा रहेको विद्यालय सम्झनुपर्छ।

(य) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी दफा ५ बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ।

## परिच्छेद २

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धमा व्यवस्था:

**३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने:** (१) कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै अनुसूची -१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

**४. विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधार:** विद्यालय खोल्नको लागि अनुसूची- २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ।

**५. विद्यालय खोल्न अनुमति दिने:** (१)दफा ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा,युवा तथा खेलकुदशाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ। त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि दफा ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिकसत्र सुरु हुनु भन्दा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ। यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सो सम्बन्धमा यकिन उल्लेख हुनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यपालिका समक्ष पठाउनु पर्नेछ।

(३) उपदफा (२) अनुसारको सिफारिस उपयुक्त लागेमा कार्यपालिकाले विद्यालय खोल्न अनुमति दिन सक्नेछ। कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुसूची- ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ।

(४) यसरी अनुमति दिंदा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा ३० दिन अगावै दिनुपर्नेछ।

(५) उपदफा (२) बमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा विद्यालय नक्साङ्कन, स्कूल जोनिङ्ग र गाउँ शिक्षा समितिले निर्धारण गरेको गाउँपालिका र वडाको लागि विद्यालयको अधिकतम संख्याको अधिनमा रही दिनु पर्नेछ।

(६) कसैले ऐन तथा यस नियमावली विपरित अनुमति दिएको वा प्राप्त गरेको पाइएमा गाउँकार्यपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

**६. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज:** विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरु देहाय बमोजिम हुनेछन्:

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

(घ) विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री वातावरण सृजना गर्ने,

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउने,

(च) यस नियमावली बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैंगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(झ) सामुदायिक विद्यालयमा गाउँकार्यपालिकाले तोकेको संख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्नु पर्नेछ।

(ञ) विद्यालयमा नियमित रुपमा परियोजना कार्य, सामाजिक सेवा, अतिरिक्त क्रियाकलापतथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ट) विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता प्रावधान, सामाजिक सद्भाव प्रवर्धन तथा सामाजिक विकृति (बालविवाह, निरक्षरता, छाउपडी, दहेज, बोक्सी, छुवाछुत, जातिगत विभेद, छोरी माथिको विभेद आदि) उन्मुलन को वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

(ठ) आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

(ड) गाउँसभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्ने,

(ढ) यस ऐन बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरु कायम राख्नु पर्ने र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने,

(ण) मन्त्रालय वा शिक्षा शाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी तोकिए बमोजिमको समय भित्र शिक्षा शाखामा पठाउनु पर्ने,

(त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनु पर्ने,

(थ) तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा सफा तथा सुरक्षित राख्नु पर्ने,

(द) प्रत्येक वर्ष विद्यालयको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**७. विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने:** (१) दफा ५ को उपदफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि अनुसूची-४ बमोजिमको ढाँचामा गाउँ शिक्षा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखामार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि दफा ६ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा अनुसूची-५ बमोजिमको ढाँचामा गाउँ शिक्षा समितिले आफ्नो निर्णय सहित कार्यपालिकाका समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त सिफारिस कार्यपालिकाबाट स्वीकृत भएमा तोकिएको अधिकारीले दफा ६ बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही त्यस्तो विद्यालयलाई अनुसूची-५ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

**८. शैक्षिक गुठी वा शैक्षिक गुठी अन्तर्गतका विद्यालयको दर्ता, सञ्चालन, विघटन र शेषपछिको गुठीयार उत्तराधिकारी सम्बन्धी व्यवस्था:** शैक्षिक गुठी वा शैक्षिक गुठी अन्तर्गतका विद्यालयको दर्ता, संचालन, विघटन र शेषपछिको गुठीयार उत्तराधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. मातृभाषामा दिने शिक्षा विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था:** मातृभाषामा दिने शिक्षा विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. मुनाफा नलिने विद्यालय संचालन सम्बन्धी व्यवस्था:** (१) यसै ऐनमा व्यवस्था गरिए बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको दर्ता, अनुमति, सञ्चालन, स्वीकृति, कक्षा थप र विघटन सम्बन्धी व्यवस्था दफा ३, ५ र ७मा उल्लेख भए बमोजिम हुनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतको सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

**११. विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन।**

**१२. यस अघि दर्ता भएका विद्यालय सम्बन्धि व्यवस्था:** यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ३

## गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था

**१३. गाउँ शिक्षा समितिको गठन:** (१) गाउँपालिका भित्रका विद्यालयहरुको रेखदेख र अध्ययन अध्यापनको व्यवस्थापन गर्ने काम समेतका लागि बढीमा १३सदस्यीय एक गाउँ शिक्षा समितिको गठन हुनेछ।

(२) उपदफा १ बमोजिमको गाउँ शिक्षा समितिमा देहायका सदस्यहरु रहनेछन्।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिका अध्यक्षबाट तोकिएका कम्तिमा एकजना महिला र एक जना दलित सदस्य सहित कार्यपालिकासदस्य (४ जना) - सदस्य - सदस्य

(ङ) शिक्षक महासंघको तर्फबाट प्रतिनिधि एकजना - सदस्य

(च) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले मनोनित गरेको प्रतिनिधि एक जना - सदस्य

(छ) धार्मिक विद्यालय वा संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले मनोनित गरेको प्रतिनिधि एक जना -सदस्य

(ज) शिक्षाविद्, समाजसेवी, शिक्षाप्रेमी मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको २ जना - सदस्य

(झ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**१४. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** (१) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

(क) शिक्षाशाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने

(ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति, निर्देशन तथा कार्यक्रम अनुरुप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउनका लागिसम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदनअनुसार आवश्यक काम कारवाही गर्ने / गराउने,

(ञ) विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालयको दरवन्दी मिलान, विद्यालय समायोजन, तह तथा कक्षा घटाउन / बढाउन सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) गाउँपालिकास्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(न) गाउँकार्यपालिका तथा गाउँसभाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(प) विद्यालयले कायम गर्नु पर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।

फ) गाउँपालिका क्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने।

(ब) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने।

(भ) गाउँपालिकाभित्र सञ्चालित संस्थागत विद्यालयहरुले लिने शुल्क स्वीकृत गर्ने।

(म) सामुदायिक विद्यालयको लेखा परीक्षक र निजको पारिश्रमिक तोक्ने ।

(२) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४
## विद्यालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी:

**१५. विद्यालयको सञ्चालन सम्बन्धी व्यवस्था:** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१६. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था:** (१) आधारभूत तहको अन्तमा लिने आधारभूत शिक्षा उत्तीर्ण परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले आवश्यक ठानेमा कक्षा ८ बाहेक अन्य कक्षाका परीक्षा समेत पालिकास्तरीय लिन सक्ने व्यवस्था गर्न सक्नेछ ।

**१७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था:** विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. शिक्षाको माध्यम:** (१) विद्यालयमा शिक्षाको माध्यम भाषा नेपाली, अंग्रेजी वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(ग) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

(घ) सामाजिक मूल्य मान्यता, संस्कार, नैतिकता सम्बन्धी विषयहरु (हाम्रो सेरोफेरो, सामाजिक अध्ययन र नैतिक शिक्षा) नेपाली भाषामा नै पठनपाठन गराउनु पर्नेछ।

**१९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।

(२) स्थानीय तहले तोकिए बमोजिम स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी लागू गर्नेछ ।

(३) विद्यालयलाई स्थानीय पाठ्यक्रम र विद्यार्थीलाई स्थानीय पाठ्यक्रमको आधारमा तयार गरिएको पाठ्यपुस्तक नि:शुल्क उपलब्ध गराउनु पर्नेछ।

**२०. विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था:** (१) विद्यालयको संचालन, रेखदेख, र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) विद्यालयका अभिभावकले स्वयं मध्येबाट छानी पठाएका दुई जना महिला सहित ५ (पाँच) जना - सदस्य

(ख) शिक्षाविद्, समाजसेवी, शिक्षाप्रेमी चन्दादाताहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको २ (दुई) जना - सदस्य

(ग)विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १(एक) जना - सदस्य

(घ)विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना - स्थायी आमन्त्रित सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले दफा २०(१) (क) र (ख) बमोजिम चुनिएका प्रतिनिधिहरुबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गर्नेछन् । अध्यक्षको चयन सकेसम्म सर्वसम्मतिबाट हुनेछ। सो हुन नसकेमा उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम चुनिएका प्रतिनिधिहरुको बहुमतबाट अध्यक्ष चयन हुनेछ।

(३) दफा २० (१) अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिको कार्य अवधि३वर्षको हुनेछ।

(४) दफा २० (१) अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिको राजिनामा स्वीकृत गर्ने: व्यवस्थापन समितिका सदस्यको राजिनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ। तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको जेष्ठ सदस्यले स्वीकृत गर्नेछ

। साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधि--हरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नुपर्नेछ । तर प्रचलित कानुन विपरीतका कुनै निर्णय भएमा बालप्रतिनिधिहरुलाई जिम्मेवार बनाइनेछैन ।

(५) दफा २० (१) अनुसार गठित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट अनुदान निकासा हुने धार्मिक विद्यालयहरु (मदरसा, गुम्बा, गुरुकुल, आश्रम जस्ता) तथा समुदायमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा समेत दफा २० को उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन समितिको गठन गरिनेछ ।

(७) अभिभावकको अभिलेख राख्ने विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ । विद्यालय व्यवस्थापन समिति छनौट प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे, वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो

(८) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरु भएको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा तोकिएको अधिकारीले तोकेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एक जना महिला समेत पर्ने गरी विद्यालय सञ्चालक समितिलेमनोनित गरेका तीन जना - सदस्य

(ग) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(९) दफा २० (८) अनुसार गठित विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्ष हुनेछ ।

(१०) दफा २० (८) अनुसार गठित विद्यालय व्यवस्थापन समितिराजिनामा स्वीकृत गर्ने व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(११) यो ऐन लागू हुनुभन्दा अघि नियमानुसार गठन भएका विद्यालय व्यवस्थापन समितिको पदावधिभर सो समिति बहाल रहनेछ ।

(१२) व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**२१. विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** (१) यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरु निर्धारण गरी कबुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस नियमावली बमोजिम व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरुले पालन गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अध्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) गाउँपालिकाबाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थित गर्न कार्यविधिलाई शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

(य) स्थानीय तह, गाउँ शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरुप काम गर्ने,

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(ल) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने,

व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,

(२) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने कायम राख्ने

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति दिने,

(छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(ज) अनुशासनहिन शिक्षक उपर कारवाही गर्ने,

(झ) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले दिएका निर्देशनहरुको पालना गर्ने,

**२२. (१) व्यवस्थापन समिति विघटन गर्न सक्ने:** देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ:

(क)विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानुन अनुसारको निर्देशन पटक–पटक उल्लङ्घन गरेमा।

**(२) व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था:** प्रधानाध्यापकले २० उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्य रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस उपदफा बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(३) उपदफा २ बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय तहको अधिकृत / शिक्षा शाखाको कर्मचारी, प्रधानाध्यापक र स्थानीय तहको कर्मचारी प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(४) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट सम्बन्धी कार्यविधि तोकिएको बमोजिम हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएको वा विघटन भएको १(एक) महिना भित्रमा समिति गठन हुन नसकेमातदर्थ समिति तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**२३.सामुदायिक सिकाइ केन्द्र सम्बन्धी व्यवस्था:** गाउँपालिकाभित्र कम्तिमा एक सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न आवश्यक व्यवस्था गर्नेछ ।

**२४. पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था:** पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५.विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिकाका सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तवकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशतमानघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिब महिला जनजाति दलित अपाङ्गता भएका द्वन्दपीडित शहिद परिवारका बालबालिका मधेशी मूलका बालबालिका र जेहेन्दार विद्यार्थीलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(४) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरु तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. गाउँ शिक्षा कोष:** गाउँपालिकामा गाउँ शिक्षा कोष स्थापनार सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२७. गाउँ कार्यपालिकाले निर्देशन दिन सक्ने:** (१) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२८.विद्यालय खोल्न, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्न, समायोजन गर्ने, कक्षा र तह घटाउन वा बन्द गर्न सक्ने:** (१) गाउँपालिकालेगाउँ शिक्षा समितिको सिफारिस लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सोभन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ।

(२) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउन वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२९. विद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था:** विद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३०. विद्यालयको वर्गीकरण:** विद्यालयको वर्गीकरण तोकिएको आधारमा हुनेछ।

**३१. नि:शुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संघ वा अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा नि:शुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्रदान गरिनेछ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि र बहिरा तथा स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट नि:शुल्क प्रदान गर्ने व्यवस्था गरिनेछ। यस्ता विद्यार्थीले गाउँपालिका बाहिर अध्ययन गर्दा छात्रवृत्ति उपलब्ध गराइनेछ।

(५) सामुदायिक विद्यालयले कुनै कक्षामा भर्ना गर्दा भर्ना शुल्क लिन पाउने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। यसरी शुल्क निर्धारणको स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइने छ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारण आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(९) कुनै विद्यालयले यस ऐन तथा यस अन्तर्गत बनेका नियमावली, निर्देशिका कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिए अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यालयबाट दोब्बर जरिमाना सहित फिर्ता गराइनेछ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पाँच हजार देखि पचास हजार रुपैयाँ जरिवाना सम्म गर्न सक्नेछ।

**३२. प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार:** प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**३३.शिक्षक सरुवा:** शिक्षकको सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३४. विदा र काज सम्बन्धी व्यवस्था:** विद्यालयका शिक्षक तथा कर्मचारीको विदा र काज सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५.शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिय व्यवस्थापन सम्बन्धीकाममा बाहेक अन्य काममा लगाउन पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**३६. दण्ड सजाय:** (१) विद्यालय शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु वा गाउँपालिका गाउँ शिक्षा समितिले दिएको निर्देशन उल्लंघन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले देहाय बमोजिम सजाय गर्न सक्नेछ:

(क) सचेत गराउने नसिहत दिने,

(ख) कसुरको मात्रा हेरी पाँच हजारदेखि पच्चिस हजार रुपैयासम्म जरिवाना गर्ने,

(ग) विद्यालयलाई गाउँपालिकाले उपलब्ध गराउने सेवा वा सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने,

(घ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने,

३७. गाउँपालिकाभित्र सञ्चालन हुने होस्टेल पुस्तकालय कोचिङ कक्षा ट्यूसन सेन्टर ब्रिजकोर्ष पूर्व तयारी कक्षा भाषा शिक्षण कक्षा शैक्षिक परामर्शकेन्द्र प्राविधिक तालिम केन्द्रहरु र अन्य विदेशी शैक्षिक कार्यक्रम अनुमति नलिइ सञ्चालन गर्न पाइनेछैन। यस्ता शैक्षिक कार्यक्रमहरुको व्यवस्थापन तथा नियमन तोकिए बमोजिम हुनेछ।

**३८. नियम बनाउन सक्ने:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ:

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु।

(ख) विद्यालयको छात्रवृत्ति।

(ग) विद्यालयलाई दिइने अनुदान।

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन र व्यवसायिक शिक्षा संचालन र व्यवस्थापन।

(ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मूल्याङ्कन।

(च) विद्यार्थी, शिक्षक अनुदान तथा दरबन्दी मिलान।

(छ) विद्यालय नक्साङ्कन र समायोजन।

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सहयोग।

(झ) माध्यमिक तहको कक्षा ११ र १२को शिक्षक व्यवस्थापन।

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन।

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा।

(ड) विद्यालय नामकरण।

(ढ) विद्यालयमा छात्रावास संचालन सम्बन्धी व्यवस्था।

(ण) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री।

(त) विशेष तथा निरन्तर शिक्षा।

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा।

(द) दूर तथा खुला शिक्षा।

(ध) गाउँ शिक्षा कोष।

(न) विद्यालयको कोष।

(प) विद्यालयको पुस्तकालय र वाचनालय।

(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा।

(ब) शिक्षक तथा विद्यार्थी आचारसंहिता।

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा।

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम।

(य) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना।

(र) विद्यालयको परीक्षा।

(ल) स्थानीय पुस्तकालय र वाचनालय संचालन सम्बन्धी व्यवस्था।

(व) अभिभावक शिक्षा।

(श) करारमा शिक्षक तथा कर्मचारी छनौट।

(ष) संस्थागत विद्यालय वर्गीकरण।

(स) नमूना आधारभूत विद्यालय।

(ह) विद्यालय सामाजिक परीक्षण तथा लेखापरीक्षण।

(क्ष) विद्यालय सहायक कर्मचारी, प्रारम्भिक बालविकास / पूर्व प्राथमिक कक्षाका शिक्षक र विद्यालय सहयोगी कर्मचारीको अनुदान।

**३९. बचाउ, खारेजी र बाधाअड्काउ:** यस अघि गरिएका सबै निर्णयहरु यसै ऐन बमोजिम गरेको मानिनेछ।

इस्मा गाउँपालिका शिक्षा नियमावली, २०७४ खारेज गरिएको छ। यसऐन सम्बन्धी कुनै बाधा अड्काउ परेमाफुकाउने अधिकार इस्मा गाउँ कार्यपालिकामा निहित रहनेछ।

# इस्मा गाउँपालिकाको शिक्षा ऐन, २०७९

## अनुसूची–१

### (दफा ३ सँग सम्बन्धित)

### विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान अध्यक्ष ज्यू

गाउँ शिक्षा समिति,

इस्मा गाउँ कार्यपालिकाको कार्यालय,

इस्मा रजस्थल, गुल्मी ।

**विषय: विद्यालय खोल्ने अनुमति सम्बन्धमा ।**

महोदय,

शैक्षिक सत्र .................... देखि .................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) प्रस्तावित विद्यालयको:

१. नाम:

**२. ठेगाना:** .................. गाउँपालिका, ............. वडा नं. ............ गाउँ/टोल

फोन: .................. फ्याक्स नं. ..............................

३. किसिम:

(१) सामुदायिक (२) संस्थागत (अ) निजी शैक्षिक गुठी (आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षा:

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा:

(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार:

१. भवनको:

(१) संख्या: (२) कच्ची वा पक्की वा अर्ध पक्कीः

(३) आफ्नै वा बहालमा वा सार्वजनिकः

२. कोठाको विवरण:

| कोठाको संख्या | लम्बाई | चौडाई | उचाई | झ्याल ढोकाको अवस्था | प्रकाश बत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. फर्निचरको संख्या:

(१) डेस्कः (२) बेञ्चः (३) टेबलः (४) दराजः (५) मेचः (६) अन्यः

४. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा विगाहामा):

**५. शौचालयको संख्या:** (१) छात्रले प्रयोग गर्नेः (२) छात्राले प्रयोग गर्नेः

६. खानेपानीको अवस्था:

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या:

८. प्रयोगशाला:

९. सवारी साधनको विवरण:

१०. शैक्षिक सामग्रीको विवरण:

(ग) विद्यार्थी संख्या: (प्रस्तावित)

कक्षाः

संख्याः

(घ) शिक्षक संख्या: (प्रस्तावित)

(ङ) आर्थिक विवरण: (प्रस्तावित)

१. अचल सम्पत्ति:

२. चल सम्पत्ति:

३. वार्षिक आम्दानी:

४. आम्दानीको स्रोत:

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको–

सही:

नाम:

ठेगाना:

मिति:

संलग्न गर्नु पर्ने कागजातहरु:

(१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि।

(२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र।

(३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा।

(४) सम्बन्धित वडासमितिको सिफारिस ।

# इस्मा गाउँपालिकाको शिक्षा ऐन, २०७९

## अनुसूची–२(दफा ४ सँग सम्बन्धित)

## विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु

(क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तै (सेतोपाटी, कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनु पर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने मैदान हुनु पर्ने,

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यता प्रतिकक्षा कम्तीमा बाईस जना देखि बढीमा चौवालीस जना सम्म र औसतमा तेतीस जना विद्यार्थी हुनु पर्नेछ।

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्ने:

माध्यमिक तहको ०–१० कक्षाका लागि – १४ जना

माध्यमिक तहको ०–१२ कक्षाका लागि – १६ जना

आधारभूत तहको ०–८ कक्षाका लागि – ९ जना

आधारभूत तहको ०–५ कक्षाको लागि – ४ जना

प्रारम्भिक बालविकास केन्द्रको लागि – २ जना

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.४ हुनु पर्नेछ।

(ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

(त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने,

(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने।

(ध) विद्यालयमा बालमैत्री अपाङ्गता मैत्री तथा वातावरण मैत्री हुनुपर्ने।

## इस्मा गाउँपालिकाको शिक्षा ऐन, २०७९

### अनुसूची–३

### (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री............................

..............................।

विद्यालय खोल्ने सम्बन्धमा मिति...........................मा प्राप्त निवेदन उपर कारवाही हुँदा शिक्षा ऐन, २०७९ को दफा ४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र .................... देखि आधारभूत/माध्यमिक तहको ............कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएकोछ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको:

सही:

मिति:

नाम:

पद:

# इस्मा गाउँपालिकाको शिक्षा ऐन, २०७९

## अनुसूची –४

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

### विद्यालयको स्वीकृतिको लागि दिइने निवेदन

श्री गाउँ शिक्षा समिति,

इस्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, दोबाट, गुल्मी ।

**विषय: विद्यालयको स्वीकृति सम्बन्धमा ।**

गाउँकार्यपालिकाको मिति .................. को निर्णयानुसार अनुमति पाई खोलिएको यस विद्यालयको स्वीकृति पाउन निम्न विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

(क) विद्यालयको:

१. नाम: ..........

**२. ठेगाना:** गाउँपालिकाइस्मा वडा नं. ..... गाउँ/टोल .......... फोन नं. ........... फ्याक्स नं. ...........

३. अनुमति प्राप्त गरेको तह र मिति:

आधारभूत तह मिति: ...............

माध्यमिक तह मिति: ...........

(ख) विद्यालयको भौतिक अवस्था:

१. भवनको:

(१) संख्या: (२) कच्ची र पक्की र अर्धपक्की

(३) आफ्नै र बहालमा र सार्वजनिक

२. कोठाको विवरण:

३. फर्निचरको संख्या:

(१) डेस्क (२) बेञ्च (३) टेबल (४) दराज (५) मेच (६)अन्य

४. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या: महिला: पुरुष:

६. खानेपानीको अवस्था:

७. पुस्तकालयको अवस्था:

८. प्रयोगशालाको अवस्था:

९.सवारी साधनको विवरण:

१०. शैक्षिक सामग्रीको विवरण:

(ग) विद्यार्थी संख्या: (कक्षागत रुपमा)

(घ) शिक्षकको संख्या:

(ङ) आर्थिक स्थिति:

१. अचल सम्पत्ति

२. चल सम्पत्ति

३. वार्षिक आम्दानी

४. आम्दानीको स्रोत

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको–

विद्यालयको छाप

सही:

नाम:

ठेगाना:

मिति:

## अनुसूची–५

**(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)**

**विद्यालयको स्वीकृति सम्बन्धमा**

श्री......................विद्यालय,

...............................।

**विषय: विद्यालयको स्वीकृति सम्बन्धमा।**

त्यस विद्यालयबाट मिति...............................मा विद्यालय स्वीकृत गर्ने सम्बन्धमा दिएको निवेदन उपर कारवाही हुँदा शिक्षा ऐन २०७९को दफा ६ बमोजिमका शर्तहरु पालन गरेको देखिएकोले कक्षा........देखि कक्षा.........सम्मको विद्यालय सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ।

कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने अधिकारीकोः

सही:

नाम:

पद:

मिति:

# इस्मा गाउँपालिकाको शिक्षा ऐन, २०७९

## अनुसूची–६

**(दफा १० को उपदफा (२) सँग सम्बन्धित)**

**मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार**

१. कक्षा तिनसम्म न्यूनतम १५ जना र कक्षा पाँचसम्म २५ जना विद्यार्थी हुनु पर्ने

२. विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेल मैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनु पर्ने,

३. आवश्यक शिक्षकको व्यवस्था भएको हुनु पर्ने,

४. पाठ्यक्रम विकास केन्द्र र स्थानीय पाठ्यक्रमले निर्धारण गरे बमोजिमका सिकाई उपलब्धिहरु पूरा हुने गरी विद्यालय शिक्षण सिकाई कार्यक्रमको तर्जुमा गरिएको हुनु पर्ने,

५. अनुसूचि २ बमोजिम अन्य पूर्वाधारहरु भएको हुनु पर्ने।

**प्रमाणीकरण मितिः २०७९।०९।२०।**

**आज्ञाले,**
**धनिश्वर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**